# करैयामाई गाउँपालिका
## Karaiyamai Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
करैया, बारा (Karaiya, Bara)
मधेश प्रदेश, नेपाल (Madesh Province, Nepal)
स्था.: २०७३ (Estd. 2073)


पत्र संख्या/Letter No: ०८१/०८२
चलानी नं./Ref. No.: २८२६

मिति/Date: २०८२/०३/१५

## स्वच्छ चुलो कार्यक्रमको माँग संकलन फारम भर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा तराईमा खाना पकाउन प्रयोग भईरहको परम्परागत ऊर्जा (गुँईठा, दाउरा, कृषिजन्य अवशेष) तथा आयातित इन्धनहरु (एल.पि.जि., मट्टीतेल) को खपतलाई न्यूनिकरण गर्न आधुनिक तथा स्वच्छ चुलो (तह ३ को सुधारिएको चुलो) को प्रवर्द्धन गर्ने लक्ष्य अनुरुप यस पालिका र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र बीच हरित जलवायु कोषको सहयोगमा सञ्चालित स्वच्छ चुलो कार्यक्रम (CCS) सम्बन्धी भएको सम्झौता अनुसार चालु आ.ब. २०८१/०८२ मा यस पालिकाको माँग अनुसार स्वच्छ खाना पकाउने प्रविधि तह ३ को **सुधारिएको चुलो (ICS Tier ३+ )** जडान गर्न इच्छुक यस पालिका अन्तर्गत सबै वडाका लाभग्राहीहरुबाट लागत साझेदारी प्रतिवद्धता सहितको लाभग्राहीको माँग सङ्कलन फारम भरी लाभग्राहीहरु छनौट गर्नु पर्ने भएको हुँदा उल्लखित प्रविधि जडान गर्न इच्छुक यस पालिका अन्तर्गत सबै वडाका स्थानीय वासीहरुले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आ-आफ्नो वडा कार्यालयमा गई **घरमुलीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी** संलग्न गरी माँग संकलन फारम भरी बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>न्यूनतम शर्तहरु :</u>

क) तह ३ को सुधारिएको चुलो (ICS Tier ३+ ) को लागि

१. बैकल्पीक उर्जा प्रवर्द्धन केन्द्रबाट खरीद मुल्यको ५% उपभोक्ता लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता।

**पुनश्च :** माँग फारम संकलन भए पश्चात लाभग्राहीहरु छनौट गर्दा महिला घरमुली भएको परिवार, एकल महिला भएको घर/ परिवार, विधवा सदस्य भएको घर परिवार, आदिवासी वा सामाजिक रुपमा वञ्चित समूहमा पर्ने परिवार, अपाङ्गता व्यक्ति सदस्य भएको र आर्थिक रुपमा विपन्न परिवार तथा यस अघि पालिका तथा वडावाट बैकल्पिक उर्जा प्रविधि जडान नगरेको परिवारलाई प्राथमिकता दिई वडा समितिको निर्णयानुसार लाभग्राहीहरु छनौट गरिनेछ।

नोटः संकलन फारम सम्बन्धीत वडा कार्यालय तथा पालिकामा उपलब्ध छ।

..............................
वीरेन्द्र महतो
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र महतो
प्रमुख प्रशासकीय अधिकृत